**नेपाल राष्ट्र बैंक**
**केन्द्रीय कार्यालय**
**विदेशी विनिमय व्यवस्थापन विभाग**

*इ.प्रा.परिपत्र संख्याः-* ४०२ *मिति :-* २०६३/१२/११

**इजाजतपत्रप्राप्त "क" वर्गका (बैंक) संस्थाहरू ।**

विषय :- **व्याक टु व्याक (Back to Back) प्रतीतपत्र कारोवार बारे ।**

महाशय,

तयारी पोसाक उद्योगहरूले आफ्नो उद्योगको लागि आवश्यक कच्चा पदार्थ "कपडा" व्याक टु व्याक प्रतीतपत्रको माध्यमबाट पनि आयात गर्ने व्यवस्था रहेको हुँदा सोही वमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (संशोधन सहित) को दफा-१२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ । यसरी व्याक टु व्याक प्रतीतपत्र खोल्दा आयात गरिएका कच्चा पदार्थ "कपडा" को भुक्तानी सो कच्चा पदार्थबाट निर्मित तयारी पोशाक निर्यात गरी भुक्तानी प्राप्त भएपछि मात्र सोही भुक्तानी मध्येबाट मात्र प्रतीतपत्रमा उल्लिखित शर्त अनुरुप भुक्तानी हुने व्यहोरा त्यस्तो व्याक टु व्याक प्रतीतपत्रमा अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ ।

१. Back to Back L/C को माध्यमवाट तयारी पोसाक उद्योगले कपडा आयात गर्दा निम्न कुराहरूको आधारमा मात्र गर्नुपर्नेछ ।

(क) तयारी पोसाक निर्यात गर्ने उद्योगको नाममा समुद्रपार मुलुकको केताले उक्त उद्योगबाट उत्पादित तयारी पोसाक खरिद गर्न इरिभोकेवल (Irrevocable) प्रतीतपत्र खोलेको हुनुपर्नेछ ।

(ख) तयारी पोसाक निर्यात उद्योगलाई प्राप्त हुने इरिभोकेबल (Irrevocable) प्रतीतपत्रमा तयारी पोसाकको निर्यातको भुक्तानी ९० (नव्वे) दिन भित्र हुने शर्त रहनुपर्नेछ ।

(ग) तयारी पोसाक उद्योगले आयात गर्ने कच्चा पदार्थ कपडाको भुक्तानी निर्यात आर्जन मध्येबाट हुने हुँदा यस्ता उद्योगको नाममा कच्चा पदार्थ आपूर्ति गर्ने निर्यातकर्तालाई मन्जुर भएमा Back to Back L/C खोल्न सकिने ।

(घ) तयारी पोसाक उद्योगलाई प्राप्त हुने उपरोक्त प्रतीतपत्रमै निर्यात हुने तयारी पोसाकको FOB मूल्यको वढीमा ५० प्रतिशतसम्म रकमबाट तयारी पोसाक उद्योगले आयात गर्ने कच्चा पदार्थ कपडाको भुक्तानी गर्ने र वाँकी रकम नेपालमा भुक्तानी पठाउने शर्त अनुबन्धित हुनुपर्नेछ ।

भवदीय,

(रामजी रेग्मी)
का.मु.कार्यकारी निर्देशक